# संघीय संसद

# राष्ट्रिय सभा

## सातौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## १७ पुस २०७७

## शुक्रबार

## बैठक सङ्ख्या-१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा शुक्रबार दिउँसो ४:०० बजे प्रारम्भ भयो ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको सातौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरूलाई म हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । म सोको व्यहोरा पढेर सुनाउँछु ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७७ साल पुस १७ गते शुक्रबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा राष्ट्रिय सभाको अधिवेशन आह्वान गरेको छु ।

विद्यादेवी भण्डारी

२०७७ पुस १२

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात, अज्ञात शहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न २ मिनेट उठेर मौन धारण गरौं ।

(मौन धारण)

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् गठनसम्बन्धी पत्र प्राप्त हुन आएको छ । म सोको व्यहोरा पढेर सुनाउँछु ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०७४/११/०३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा देहायअनुसार नियुक्ति हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् पुनर्गठन गर्नुभएको छः-

| **क्र.स.** | **नाम, थर** | **पदनाम** | **कार्यविभाजन** |
|---|---|---|---|
| १ | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | रक्षा |
| २ | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | श्री रामबहादुर थापा | मन्त्री | गृह |
| ४ | श्री टोपबहादुर रायमाझी | मन्त्री | उर्जा, जलस्रोत तथा सिँचाइ |
| ५ | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | अर्थ |
| ६ | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ७ | श्री हृदयेश त्रिपाठी | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| ८ | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ९ | श्री कृष्णगोपाल श्रेष्ठ | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १० | श्री प्रभु साह | मन्त्री | सहरी विकास |
| ११ | श्री भानुभक्त ढकाल | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १२ | श्री मणिचन्द्र थापा | मन्त्री | खानेपानी |
| १३ | श्री पद्माकुमारी अर्याल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १४ | श्री वसन्तकुमार नेम्वाङ | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १५ | श्री गौरीशंकर चौधरी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १६ | श्री पार्वत गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |

| | | | |
|---|---|---|---|
| १७ | डा. शिवमाया तुम्बाहाङफे | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १८ | श्री लिलानाथ श्रेष्ठ | मन्त्री | कानून, न्याय तथा संसदीय मामिल |
| १९ | श्री गणेशसिंह ठगुन्ना | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| २० | श्री प्रेमबहादुर आले | मन्त्री | वन तथा वातावरण |
| २१ | श्री जुलीकुमारी महतो | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २२ | श्री दावा लामा तामाङ | मन्त्री | युवा तथा खेलकुद |
| २३ | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २४ | श्री रामबिर मानन्धर | राज्यमन्त्री | सहरी विकास |
| २५ | श्री विमला वि.क. | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |

डा. हरि पौडेल- सचिव

२०७७/०९/१०

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका अध्यक्षबाट मिति २०७७ साउन १७ गते जारी भएको समिति गठनसम्बन्धी आदेश २०७७ लाई सभासमक्ष जानकारी गराउँछु ।

राष्ट्रिय सभाको सम्वत् २०७५ साउन १७ गते बसेको बैठकमा राष्ट्रिय सभाको अध्यक्षबाट सोही सभाको सहमतिले राष्ट्रिय सभा नियमावली, २०७५ (यसपछि नियमावली भनिएको) को नियम १४९ को उपनियम (१) बमोजिम राष्ट्रिय सभाका प्रत्येक समितिमा रहने सदस्यहरूको मनोनयन भएको थियो । राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५१ को उपनियम (१) ले नियम १४७ बमोजिम गठन भएको प्रत्येक समितिको कार्यावधि २ वर्षको हुनेछ भन्ने व्यवस्था गरेको छ । नियमावलीको नियम १४७ को उक्त प्रावधानबमोजिम राष्ट्रिय सभाका सबै समितिको कार्यावधि सम्वत् २०७७ साउन १६ गते समाप्त भएको र समितिको कार्यावधि समाप्त भएपछि सबै समितका सभापतिको कार्यअवधि पनि नियमावलीको नियम १५१ को उपनियम (३) को खण्ड (घ) बमोजिम स्वतः नै समाप्त भएको छ । विद्यमान अवस्थामा राष्ट्रिय सभाको अधिवेशन चालु नरहेको कारणले गर्दा नियमावलीको नियम १४७ अनुरूप रहने समितिको गठन गर्नको लागि अध्यक्षले राष्ट्रिय सभाको सहमति लिन सक्ने व्यवस्था नरहेको र

अर्को अधिवेशन प्रारम्भ भएपछि समितिको गठन गर्दा समितिको काम कारबाहीमा समेत प्रभाव पर्न सक्ने हुँदा राष्ट्रिय सभाको गरिमालाई उच्च राख्नको लागि समितिको गठन गरी काम कारबाहीलाई निरन्तरता दिन वाञ्छनीय भएकोले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३३ ले दिएको अधिकार प्रयोग गरी कार्यव्यवस्था परामर्श समितिको परामर्शमा देहायबमोजिम आदेश गरेको छुः-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "समितिको गठन आदेश २०७७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ मा आदेशः** राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) पछि देहायका उपनियम (१क.) र (१ख.) थपिएका छन्ः-

**(१क.)** उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सभाको अधिवेशन चालु नरहेको अवस्थामा नियम १४७ बमोजिमका प्रत्येक समितिका सदस्यहरू अध्यक्षले मनोनयन गर्नेछ ।

**(१ख.)** उपनियम (१क.) बमोजिम मनोनयन गर्दा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने संसदीय दलबाट प्रत्येक समितिमा रहने सदस्यहरूको नामावली अध्यक्षले माग गर्न सक्नेछ ।

माननीय सदस्यहरू, अब म उक्त समिति गठनसम्बन्धी आदेश, २०७७ लाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३३ बमोजिम सभाबाट अनुमोदनको लागि पेश गर्दछु ।

माननीय सदस्यहरू, समिति गठनसम्बन्धी आदेश, २०७७ सभाबाट अनुमोदनको लागि अनुरोध गर्दछु ।

(अनुमोदन)

माननीय सदस्यहरू, समिति गठनसम्बन्धी आदेश, २०७७ सर्वसम्मतिबाट अनुमोदन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको सातौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको छ । अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय दीनानाथ शर्मा ।

__माननीय श्री दीनानाथ शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)__:- सम्माननीय अध्यक्षज्यू, सातौं अधिवेशन आजदेखि प्रारम्भ भएको छ । सातौं अधिवेशनको लागि सरकारले यो सातौं अधिवेशन तोकेको छ । म सरकारलाई धन्यवाद दिन्छु र सम्माननीय राष्टपतिज्यूले यो अधिवेशन अगाडि बढाउने अनुमति दिनु भएको छ, उहाँहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । सातौं अधिवेशन अहिले प्रतिनिधि सभा नभएको सन्दर्भमा यो सातौं अधिवेशन चलिराखेको छ । यसको महत्त्व र गरिमा अत्यन्तै उचा छ । र यस अवसरमा यो सातौं अधिवेशनको सन्दर्भमा म लोकतान्त्रिक आन्दोलनका सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धासमुन अर्पण गर्न चाहन्छु । र आजको यो अधिवेशनमा उपस्थित सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु र त्यसमा पनि विशेषगरी राष्ट्रिय सभाले राष्ट्रिय सभाको गरिमालाई उचा गर्ने प्रकारको प्रतिनिधि यस पटक प्राप्त गरेको छ । राष्ट्रपतिज्यूबाट हाम्रो पार्टीका हाम्रो दलका उपाध्यक्ष माननीय वामदेव गौतमज्यू, राष्ट्रिय सभामा सदस्य भएर आउनु भएको छ । यसले यो सभाको गरिमालाई उचा राख्नका लागि महत्त्वपूर्ण योगदान दिनेछ, यो विश्वासका साथ उहाँलाई हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु । माननीय सदस्यज्यूहरू, मैले अगाडि नै भनें राष्ट्रिय सभा अहिले राष्ट्रको एउटा विशिष्ट राजनीतिक अवस्थामा सञ्चालन हुन गइराखेको छ । हाम्रो पार्टी विभाजित भएको छ, विभाजनको सङ्घारमा छ । यद्यपि औपचारिक रूपमा विभाजनको घोषणा नभए पनि पार्टी विभाजनको सङ्घारमा छ । अर्कोतिर प्रतिनिधि सभा छैन । प्रतिनिधि सभाको विघटन भएको छ । पार्टी विभाजन भएको र प्रतिनिधि सभा विघटन भएको राष्ट्रिय राजनीतिको यस घडीमा हामी राष्ट्रिय सभामा उपस्थित भएका छौं ।

सर्वप्रथम त मेरो राजनीतिक इतिहासको ५५/५६ वर्षको अनुभव र अहिलेसम्मको यात्रामा पार्टी एकता भएर नेकपा बन्दाखेरि म सबभन्दा बढी खुसी थिएँ । सायद हामी सबै खुसी थियौं । नेपाली जनता खुसी थिए । खुसी नहुने कोही पनि थिएन, कोही थिए होला त्यो अलग्गै विषय हो । नेपाली जनता खुसी भएका कारणले नै त्यो

खुसी प्रकट निर्वाचनमा अभिव्यक्त भएको थियो । त्यो जनमत हामीले निर्वाचनमा प्राप्त गरेका थियौं । आज पार्टी विभाजको यो सङ्चारमा आउँदाखेरि मैले मेरो मुटु चिरिएको, फुटेको अनुभव गरेको छु । सायद यति ठूलो पीडा हुँदैनथ्यो होला । इतिहासमा धेरै पटक हामी जुट्यौं पनि फुट्यौं पनि । विगतका फुटहरूमा यतिको दुख चाहिँ अनुभूति गरेको थिइनँ । तर अहिले यसले मलाई धेरै पीडा भएको छ र मैले माननीय सदस्यहरूको अनुहार हेरेको छु र मेरो मुटु छामेको छु । यहाँ उपस्थित सम्पूर्ण माननीय सदस्यज्यूहरू सम्पूर्ण पार्टीका नेता कार्यकर्ताहरू कसैको पनि पार्टी विभाजन हुनु राम्रो हो, सुखद् हो सही हो भनेर भन्नु भएको छैन । सबैका अनुहारहरू उदासीन छन् मलिन छन् । मैले मलिन मनोविज्ञानलाई पढिराखेको छु । तर पनि इतिहासको यो क्षणमा हामी विभाजित हुन गइराखेका छौं । अझै पनि हामी एक ठाउँमा हुन सक्ने त्यस्ता किसिमका केही सम्भावनाहरू छन् । त्यस्ता किसिमका केही समीकरणहरू छन् । त्यस्ता प्रकारका केही रसायनहरू छन् भने ती रसायनहरूबाट जोड्नको लागि हामी सबैको प्रयत्न हुनेछ । हामी सबै त्यो दिशामा प्रयासरत रहौं म यो कुरा पनि भन्न चाहन्छु । आज राष्ट्रिय सभामा पहिलो पटक उपस्थित माननीय वामदेव गौतमज्यूले यो पार्टीको विभाजनलाई मन पराउनु भएको छैन । त्यसो भएर यसलाई मैले जोडेर रसायनको काम गर्छु भन्नु भएको छ । म उहाँलाई हार्दिक शुभकामना दिन चाहन्छु । उहाँको प्रयत्न, उहाँको प्रयास सफल रहोस् । उहाँको अभियान त्यो दिशामा सफल रहोस् । त्यस्तो कुनै रसायन छ, त्यस्तो कुनै विधि छ भने उहाँले प्रयत्न गर्नु हुनेछ ।

र मैले पार्टी एकता र पार्टी विभाजनका बारेमा अलिकति के पनि भन्न चाहन्छु, मलाई लागेको कुरा के पनि भन्न चाहन्छु भने यो पार्टी विभाजन कुनै सिद्धान्तको आधारमा कुनै विचारको आधारमा, कुनै दर्शनको आधारमा यो विभाजित हुन गइराखेको छैन । केवल राजनीतिक चाहिँ कारणले मात्रै मेरो चाहिँ आफ्नो perception हो । राजनीति कारणले मात्रै यो पार्टी विभाजन हुन गइराखेको छ । जुन चाहिँ कुरा दुखद् हो । हिजो हामी विभाजित हुँदा विचारको कारणले दर्शनको कारणले सिद्धान्तको कारणले सामान्य राजनीतिक स्वार्थका कारणले होइन । दर्शनका कारणले विभाजन भएको थियो । जनयुद्धमा जाने कि नजाने त्यसकारणले विभाजन भएको थियो । अगाडि हामी कसरी बढ्न सक्छौं भन्ने विषयमा केही कार्यनीतिक रणनीतिक चाहिँ सैद्धान्तिक वैचारिक आधारहरू थिए । त्यसकारण विभाजित भएका थियौं । यस पटकको विभाजन त्यो आधारमा होइन, राजनीतिक कारणले भएको छ । राजनीतिक राष्ट्रको हितको लागि

हुन्छ । जनताको हितको लागि हुन्छ भने देशको अनुहार फेरिन्छ । राजनीति स्वार्थको लागि हुन्छ भने त्यसले देशलाई बर्बाद गर्छ । त्यसकारण हाम्रो राजनीतिक लोकतन्त्रको रक्षा गर्नको लागि लोकतन्त्रको विकास गर्नको लागि चाहिँ केन्द्रित हुनुपर्छ भन्ने मलाई लाग्छ । इतिहासको विभिन्न कालखण्डमा राजनीति राष्ट्र निर्माणको लागि, लोकतन्त्र राष्ट्र निर्माणको लागि, प्रजातन्त्र राष्ट्र निर्माणको लागि भन्दा पनि दलभित्र भएका कचिङ्गलहरू दलभित्र भएका खिचातानिहरूका कारणले उत्पन्न कारणले लोकतन्त्र कमजोर भयो । मैले यही हाउसमा पटक-पटक भन्ने गरेको छु । जुन देशमा लोकतान्त्रिक पार्टीहरू बलियो हुन्छन् सुदृढ हुन्छन् । त्यो देशमा लोकतन्त्रको संस्थागत विकास भएको छ । लोकतन्त्र देश र जनताको हितको लागि अनुवाद भएको छ, प्रयत्न त्यो दिशामा गएको छ । जुन ठाउँमा दलहरू कमजोर हुन्छन्, दलहरू विभाजित हुन्छन् विखण्डित हुन्छन् त्यो ठाउँमा लोकतन्त्र कमजोर भएको छ । कहिलेकाहिँ प्रतिपक्षका साथीहरू नेपाली काँग्रेसका साथीहरूसँग गफ गर्दा उहाँहरूका नेताहरूसँग गफ गर्दाखेरि तपाईंहरूको भित्र अन्तरविरोध छ । हिजोका दिनहरूमा अन्तरविरोध छ त्यसकारणले पार्टी विभाजन हुने दिशातिर पार्टीलाई कमजोर बनाउने दिशातिर नजानुस् भनेर मैले त्यो प्रकारको चाहिँ उपदेश दिन्थे । तर आज यहाँ हाम्रो ठाउँमा आउँदाखेरि हामी नै यो स्थितिमा पुगेका छौं । जुन यो चाहिँ सुखद् छैन । सायद् नेपाली जनताले, सायद् तपाईंहरू कसैले पनि, सायद् प्रतिपक्षले पनि यो सत्तारुढ दल विभाजित भओस् भनेर त्यसरी सोचेको थिएनौं । उहाँहरूले पनि तपाईंहरू चाहिँ नफुट्नुस् है तपाईंहरू बलियो हुनुस् है । तपाईंहरूको एकता नटुटोस् है । एकता टुट्यो भने यो चाहिँ हाम्रो system मा गडबढि हुन सक्छ । हाम्रो प्रणालीमा गडबढि हुन सक्छ । हाम्रा अधिकारहरू चाहिँ केही प्रश्नहरू उठ्न सक्छन् भन्ने कुरा प्रतिपक्षका साथीहरूले नै हामीलाई बेलामौका चाहिँ सचेत गराउने, सतर्क गराउने गर्नुभएको थियो । मैले यो दुखद् कुरा आज यो पहिलो बैठकमा यहाँ चाहिँ पेश गर्दा प्रस्तुत गर्दा मलाई धेरै दुःख लागेको छ । तर पनि भन्नुपर्ने यो जनताको आवाज हो । कार्यकर्ताको आवाज हो । त्यसैकारणले मैले यो चाहिँ नै कुराहरू यहाँ समक्ष राख्ने दृष्टता गरे । अन्यथा यसलाई नलिइदिनुहोला ।

पार्टीको आन्तरिक अन्तरविरोधका कारणले जनताद्वारा निर्वाचित जनप्रतिनिधि संस्था प्रतिनिधि सभा सहिद हुन पुग्यो । यसले पनि यो चाहिँ जनप्रतिनिधि संस्था दलीय दलभित्रको आन्तरिक अन्तरविरोध गएर जनप्रतिनिधि संस्थामा त्यसको असर पर्नु त्यो पनि त्यति राम्रो त्यति सुखद् चाहिँ अनुभूति भएको छैन । प्रतिनिधि सभा विघटन किन

हुनुपर्‍यो ? उचित छ कि छैन ? त्यो एउटा छलफलको विषय एउटा बहसको विषय बनिराखेको छ । तर पनि यो अहिलेको सन्दर्भमा जे भयो त्यो राम्रो भएन । आज कसैले पनि माननीय सदस्यहरू कसैले पनि हामी प्रतिनिधि सभाविहीन सत्तारुढ दल जोसँग बहुमत छ । प्रतिपक्षको अर्गेल्लीको कारणले प्रतिपक्षले समस्या उत्पन्न गरेर यो चाहिँ यो विघटन हुनुपरेको त्यस्तो किसिमको स्थिति पनि होइन । हाम्रै आफ्नै आन्तरिक कारणले हाम्रो चाहिँ किचलोका कारणले प्रतिनिधि जननिर्वाचित प्रतिनिधि संस्था यो विघटन गर्नुपर्ने स्थिति जुन उत्पन्न भयो यो सुखद् विषय होइन । यो दुखको विषय हो । यो दुखको कुरा सातौं अधिवेशनमा गर्नुपर्दा झन् धेरै ठूलो दुख लागिराखेको छ । तर पनि यो यथार्थ हो । जनताका सामु छ । यथार्थ कुरालाई हामीले चाहिँ यहाँ राख्नुपर्छ । माननीय सदस्यहरू यी राष्ट्रिय राजनीतिका बाछिटाहरू राष्ट्रिय सभामा पनि अवश्य पर्छन् । हामीले आफ्ना विचारहरू राख्ने सन्दर्भमा आफ्ना अभिव्यक्तिहरू राख्ने सन्दर्भमा राष्ट्रिय सभाको अहिलेसम्मको इतिहास यो चाहिँ ढाइ तीन वर्षको इतिहास छ । यसले गौरवपूर्ण इतिहास कायम गर्दै आएको छ । यो संयमित छ यो मर्यादित छ । यसले आफ्ना विषयवस्तुहरू जनताका सरोकारका विषयहरू जनसरोकारका विषयहरू जनचासोका विषयहरू राजनीतिक परिदृष्यमा देखा परेका घटनाक्रमहरूको बारेमा हामी भोलिका दिनहरूमा यहाँ चाहिँ राख्छौं । यहाँ पेश हुन्छौं, प्रस्तुत हुन्छौं । यद्यपि मैले जे भने यो सबैको मनमा मिठो लागेको छैन राम्रो लागेको छैन तर पनि हामी विभाजित छौं । हाम्रा मनहरू बाँडिएका छन् । हाम्रा सोचहरू बाँडिएका छन् हामी विभाजित भइसकेका छौं । विभाजित मानसिकताबाट उत्पन्न हुने हाम्रा विचारहरू आक्रोश होइन हामी संयमित रूपले, हामीले शिष्ट रूपले, भद्र रूपले हाम्रा विचार अभिव्यक्तिहरू यहाँ चाहिँ राख्ने छौं । र राष्ट्रिय सभाको गरिमा र गौरवलाई अगाडि बढाउने छौं ।

दोस्रो कुरा, राष्ट्रिय सभाका बारेमा धेरै प्रश्नहरू उठ्ने गरेको छ । media का साथीहरूले सोध्ने गर्नु भएको छ । यो राष्ट्रिय सभाले के काम गर्छ । प्रतिनिधि सभा नभएको सन्दर्भमा राष्ट्रिय सभाले सरकारलाई सघाउने काम गर्छ । आवश्यक नीति निर्माण गरेर सरकारलाई सघाउने काम गर्छ । सरकारलाई खवरदारी गर्ने काम गर्छ । सरकारका काम कारबाहीहरूको निगरानी गर्ने काम पनि गर्छ । हिजो त्यही गर्दै आएको थियो । अहिले पनि त्यो कामहरू गर्छ । त्यसलाई हामीले राष्ट्रिय सभाबाट सरकारलाई सघाउने पनि सरकारलाई खवरदारी गर्ने पनि सरकारको निगरानी गर्ने पनि र जनसरोकारका विषयहरू जनचासोका विषयहरू अब प्रकट हुने र प्रस्तुत हुने थलो यहीं

मात्र बनेको छ । प्रतिनिधि सभा नभएको सन्दर्भमा राष्ट्रिय सभा नै यो सभा हो जसले आफ्ना विचार अभिव्यक्तिहरूलाई पेश गर्ने जनप्रतिनिधिहरूले जनताका आवाजलाई उठाउने यो थलो हो । ती आवाजलाई पनि संयमित र मर्यादित ढङ्गले हामीहरूले ती आवाजहरू पनि यहाँ उठाउने छौं र राष्ट्रिय सभाको यो महत्त्वलाई र यसको गरिमालाई अझ अगाडि बढाउने छौं ।

यसै सन्दर्भमा मैले एउटा कुरा भन्न चाहन्छु । जनसरोकारको कुरा गर्दा भर्खरै आन्दोलनको क्रममा म आन्दोलनलाई सम्मान गर्छु । आन्दोलनकारी जनतालाई मैले हृदयदेखि नै स्वागत गर्छु । आन्दोलनको क्रममा उखु किसानको आन्दोलनको सन्दर्भमा यहाँ आएर एक जना किसानको देहावसान भयो । आन्दोलनकारी किसानको देहावसानले हामीलाई चाहिँ नै छुनुपर्छ । हाम्रो दिललाई छुनुपर्छ । म नारायणराय यादव जो यहाँ चाहिँ आन्दोलनको क्रममा काठमाडौंमा आएर चाहिँ नै देहावसान भयो उहाँप्रति हार्दिक मेरो दलको तर्फबाट हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । र उहाँको परिवारजनहरूप्रति हार्दिक समवेदना पनि प्रकट गर्न चाहन्छु । माननीय सदस्यज्यूहरू हामीले जसरी चाहिँ नै हिजोका दिनहरूमा संसद चलायौं, सदन चलायौं । त्यही रूपमा हाम्रो यो चाहिँ राष्ट्रिय सभा मर्यादित रूपले संयमित रूपले अगाडि बढ्ने छ । हाम्रा विचार अभिव्यक्तिमा हामी स्वतन्त्र छौं । स्वतन्त्रतापूर्वक हामीले विचारहरू अभिव्यक्तिहरू राख्ने छौं । र यसको गरिमा राख्ने यसको मर्यादा राख्ने र यसको चाहिँ गरिमालाई उच्च गर्ने काममा हामी सबैको हिजोका दिनमा जस्तै सहयोग हुनेछ । सम्माननीय हाम्रो राष्ट्रिय सभाको अध्यक्षज्यू जसरी हिजोका दिनहरूमा सत्तापक्ष प्रतिपक्ष सबैको सहयोग र समर्थन र उहाँले संयोजनकारी भूमिका निर्वाह गर्नुभएको छ । हामी चाहिँ त्यसअनुसार अगाडि बढ्ने छौं र कर्मचारी साथीहरूको त्यही रूपमा यो सभालाई सफल पार्नको लागि सहयोग र मद्दत हुनेछ यति कुरा राख्दै फेरि पनि सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत अभिवादन गर्दै बिदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम सम्माननीय अध्यक्ष महोदयमार्फत हाम्रो नेपाली काँग्रेसको राष्ट्रिय सभाका दलका नेता माननीय राधेश्याम अधिकारी र आज मात्रै मैले सुने अनुसार माननीय परशुराम मेघी गुरुङलगायत केही कर्मचारी साथीहरू पनि कोभिड-१९ को शिकार हुनु भएको छ । उहाँहरूको शीघ्र स्वास्थ्यलाभको कामना सम्माननीय अध्यक्ष महोदयमार्फत म गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभाको यो सातौं बैठकमा हामी भाग लिइरहेका छौं । संविधानअनुसार सँगसँगै आज प्रतिनिधि सभाको पनि बैठक हुनु पर्ने थियो । तर प्रतिनिधि सभा विघटन गराइएको अवस्था छ । र संघीय संसदको एउटा अङ्ग आज मृत्यु शैय्यामा छ । संविधानको धारा ८३ ले प्रतिनिधि सभा र राष्ट्रिय सभालगायत दुइटा सदनलगायतको एउटा व्यवस्थापिका हुनेछ, त्यसलाई संघीय संसद भनिनेछ भनेर व्याख्या गरिएको छ । तर आज हामी राष्ट्रिय सभाको बैठक मात्रै भइरहेको देखिरहेका छौं र यो अवस्था नेपाली राजनीतिको एउटा विशिष्ठ अवस्था हो र नेपाली राजनीतिको विशिष्ठ अवस्था मात्रै होइन, सम्माननीय अध्यक्ष महोदय । यो नेपाली जनताको ठूलो त्याग र तपस्या, बलिदान र २००७ साल पश्चात निरन्तर-निरन्तर नेपाली जनताले संघर्ष गर्दै आएका जनआन्दोलन, मधेश आन्दोलन, जनयुद्धलगायतका आन्दोलनहरूको एकीकृत उपलब्धि संघीय लोकतान्त्रिक गणतन्त्र यो नै आज धरापमा पर्ने हो कि, समाप्त हुने हो कि भन्ने लक्षणहरू आकाशमा मडारिरहेको छ । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, हामी सबै जो अग्रगमनका लागि लडेका छौं, हामी सबै आज चिन्तित अवस्थामा हुनु स्वभाविक हो । तर सम्माननीय अध्यक्ष महोदय, यो अवस्थालाई यो अवस्थाको बारेमा वर्तमान राजनीतिक अवस्थाको बारेमा र गत ६ महिनादेखि नेपाल सरकारले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले जुन ढङ्गले सरकार सञ्चालन गरेको छ, यो दुइटै परिप्रेक्ष्यमा म नेपाली काँग्रेसका आधिकारिक धारणाहरू म सम्माननीय अध्यक्ष महोदयमार्फत यो गरिमामय सदनमा राख्न चाहन्छु । र मैले आफ्ना कुराहरू, दलका कुराहरू यसरी अगाडि बढाइराख्दाखेरि सम्माननीय अध्यक्ष महोदय, मलाई सन् १८३७ को ७ अप्रिलमा एउटा Fairy Tail, एउटा कथा डेनिस राइटरको डेनमार्कको लेखकको प्रकाशित भएको थियो । त्यो स्टोरी, कथा ' The Emperor's New Cloth ' (महाराजका नयाँ लुगा) जो म आफै पनि १० कलासमा पढ्ने बेलामा approach मा पढेको थिएँ र मलाई लाग्छ, यो गरिमामय सदनमा सम्माननीय

अध्यक्ष महोदय, धेरै माननीय सदस्यज्यूहरूले पढ्नुभयो होला । नेपालको अहिलेको वर्तमान विशिष्ट परिस्थितिलाई त्यो कथाले त्यो हेन्डस् क्रिस्टिएन एण्डर्सनले लेखेको त्यो कथाले अत्यन्त साङ्केतिक रूपमा, प्रतिकात्मक रूपमा प्रतिबिम्बन गरिराखेको छ । महाराज नयाँ लुगा लगाएर, महाराजलाई नयाँ लुगा लगाइदिएर उनका केही अन्ध भक्तहरूले बजारमा घुमाइराखेको हुन्छ । उनका अन्ध भक्तहरूले, अन्धभक्तहरूले मात्रै भनिरहेको छु सम्माननीय अध्यक्ष महोदय, मसँग त्योभन्दा पनि कडा शब्दहरू पनि छन् । तर म त्यो परिस्थितले त्यो बढी विषात्मक बनाउन चाहन्नँ । त्यसकारण मैले अन्धभक्त मात्रै प्रयोग गरेको हो । अन्धभक्तहरूले आहा ! क्या राम्रो लुगा । सम्राटले, महाराजले क्या राम्रो लुगा लगाइराख्नु भएको छ । What beautiful cloths ! तर घुमाउँदा घुमाउँदै एउटा चोक आइपुग्छ । त्यहाँ एउटा innocent child एउटा बच्चाले हेर्दाखेरि त्यो बच्चाले truth , सत्य के हो ? बच्चाले भन्छ । 'ओहो ! हाम्रो महाराज त नाङ्गै होइबक्सिन्छ ।' भनेर त्यो बच्चाले भन्छ र truth लाई त्यो innocent child ले रहस्योत्घाटन गर्छ । आजको नेपालको राजनीतिक परिस्थिति Emperor's New Cloth को त्यो necked लुगाको अवस्थाको हो । एकातिर महाराजले मैले जे गरें त्यो ठीक गरें । मैले प्रतिनिधि सभा विघटन गरें, ठीक गरें, संवैधानिक गरें, प्रतिनिधि सभाको ६४ प्रतिशत भएको नाताले मैले जे गरें ठीक गरें संवैधानिक भनेर भन्दै हुनुहुन्छ । तर पूरा देश यो complete unconstitutional छ, undemocratic छ भनेर भनिराखेको छ । संविधानको धारा ७६ को (१) देखि (१०) सम्म हामीले पढ्ने हो भने र सम्माननीय राष्ट्रपति महोदयको कार्यालयबाट जुन विज्ञप्ती निस्कियो, धारा ७६ को (१) र (७) र ८५ लाई आधार बनाएर र अन्तर्राष्ट्रिय केही अभ्यास र केही प्रचलनहरूका कुरालाई अगाडि सारेर जुन विज्ञप्ती निस्केको छ, त्यो विज्ञप्तीलाई हामीले मिहिन ढङ्गले पढ्ने हो भने म यति मात्रै भनौं सम्माननीय अध्यक्ष महोदय, म धेरै भन्न चाहँदैन, यो विषयमा किनभने केस अहिले सर्जीरिस छ, अदालतमा त्यो केस छ । त्यसकारणले हाम्रो पार्टीले त्योभन्दा बढी भन्ने कुरा गर्दैन । खालि यति जरुर भन्छ, यो संविधानले भन्छ, यसको धारा ७६ को (१) देखि (१०) लाई दर्जनौं पटक हामी सबैले पढेका छौं । धारा ८५ त असान्दर्भिक छ । असान्दर्भिक धारालाई त्यहाँ विज्ञप्तीमा जोडिएको छ । त्यो complete unconstitutional छ । त्यसले गर्दाखिरि देश एउटा बहुत ठूलो एउटा राजनीतिक दुर्घटनाको बिन्दुमा आइपुगेको छ । के हुने हो ? एउटा अन्यौल, एउटा कुहिरोको काग जस्तो, कालो तुवालोभित्र मडारिरहेको एउटा दिग्भ्रमित एउटा काग, उडी त राखेको छ तर दिग्भ्रमित छ, दिशाहीन छ, उड्दाउड्दै थकित हुन्छ, झर्छ भुईंमा र मृत्युवरण गर्छ,

बाँच्दैन । यो अवस्थामा देशको अवस्था छ । र यसको मुख्य कारण वर्तमान सरकार हो । यसको मुख्य कारण प्रधानमन्त्रीज्यू हुनुहुन्छ र उहाँको यो action प्रतिनिधि सभालाई जुन विघटन गर्नुभएको छ, त्यो काम यसको मुख्य कारक तत्व हो । त्यसकारणले politically हाम्रो पार्टीले भनेको छ, यो action प्रतिनिधि सभाको विघटन completely unconstitutional छ undemocratic छ । त्यो म भन्न चाहन्छु र केही सर्जरिस भएको हुनाले अब म त्यसमा धेरै प्रवेश गर्न चाहन्नँ । सर्वोच्च अदालतले त्यसको व्याख्या गर्छ र नेपाली काँग्रेस Rule of Law मा विधिको शासनमा र जुडिसियल इन्डिपेन्डेन्समा विश्वास गर्ने एउटा पार्टी भएको हुनाले भोलि सर्वोच्च अदालतले जे फैसला गर्छ, त्यसलाई मानेर नै नेपाली काँग्रेस अगाडि जान्छ । यो सन्दर्भमा यसको constitutional aspect यो संसद विघटनको संवैधानिक पाटोमा म यतिमात्रै कुरा राख्न चाहन्छु, दलको तर्फबाट ।

तर सम्माननीय अध्यक्ष महोदय, म अहिलेको यो जुन संविधान छ, नयाँ अहिले हाम्रो संविधान, यो संविधान बनाउने एउटा व्यक्ति पनि भएको हुनाले, यो संविधान बनाउने एउटा सहभागी भएको नाताले म यो घटनाक्रमको सन्दर्भमा यसका केही राजनीतिक पाटोहरूलाई उजागर गर्न चाहन्छु । त्यो के हो भन्दाखेरि पहिलो कुरा, जतिवेला हामी यो धारा ७६ राख्दै थियौं, प्रधानमन्त्रीले कतिवेला Parliament विघटन गर्न सक्छ या गर्नुपर्छ ? यो सन्दर्भको चर्चा लामो चर्चा हामीले संविधान निर्माण गर्ने बेलामा गरेका थियौं । लामो बहस भएको थियो यो विषयमा किनभने संविधान बनाइराख्दाखेरि त्योभन्दा अगाडि नेपालको राजनीति Political instability को शिकार थियो । राजनीतिक अस्थिरताको शिकार थियो । सरकार पनि अस्थिरताको शिकार थियो । हर्स्टेलिङ्गहरू हुनेगर्थे, क्रप्सनका कुराहरू आएका थिए, आउने गर्थे, बारम्मार आउँथे । र राजनीतिक पार्टीहरूको राजनीतिक नेताहरूको, सांसदहरूको, मन्त्रीहरूको बदनाम हुने गर्थ्यो । त्यसकारणले ठूलो च्यालेञ्ज थियो हाम्रो अगाडि, संविधान निर्माण गर्ने सदस्यहरूको अगाडि ठूलो च्यालेञ्ज थियो । एउटा Political Stability दिने बारम्बार Parliament विघटन हुने कुरा, सालैपिच्छे सरकार फेरबदल हुने कुरा यसलाई रोक्नु पर्दछ । Politically केही यस्तो Frame एउटा यस्तो Structure हामीले संविधानमा खडा गरौं, जसले गर्दाखेरि मुलुकको Politics ले एउटा Stability Power एउटा स्थिरता Power भन्ने एउटा Political context हाम्रो अगाडि छ । त्यसले गर्दाखेरि त्यो कारणले नै सम्माननीय अध्यक्ष महोदय, यो धारा ७६ को (१) देखि (१०) सम्मको जुन व्यवस्था छ । यसमा कहीं पनि मेरो

challenge छ, चुनौती छ  म एउटा कानूनको पनि विद्यार्थी हुँ । मेरो चुनौती छ, यो १० वटा उपधाराभित्र कहीँ पनि Majority को Prime minister लाई संसद विघटन गर्ने अधिकार दिएको छैन, यो संविधानले । यो मेरो भनाइ हो, दिएको छैन । र बारम्बार यसमा १ देखि ७ सम्मको जुन व्यवस्था गरेको छ, अन्तिम समयसम्म पनि Parliament लाई Test गर्न दिनु पर्दछ । सरकार वैकल्पिक सरकार बन्छ कि बन्दैन भन्ने कुरा Test गर्ने काम Parliament  ले गर्दछ । Parliament ले पाँच चोटि Test  गर्ने मौका यो संविधानले प्रदान गरेको छ । यदि Parliament Fail  हुन्छ, सरकार बनाउनै सक्दैन भने मात्रै गएर त्यो विन्दुमा गएर Prime minister ले प्रतिनिधि सभाको विघटनको निर्णय लिएर महामहिम राष्ट्रपति कहाँ जाने हो र त्यसपछि प्रतिनिधि सभा विघटन भएर ६ महिनापछि निर्वाचन हुने कुरा हो ।

त्यसकारणले हामीले हाम्रो बारम्बार त्योभन्दा अगाडि तीन वटा त्यस्ता घटना भएका थिए, विघटनका घटना । त्यसले गर्दाखेरि हामीले धारा ७६ भित्र (१) देखि (१०) सम्मको व्यवस्था गरेका छौं । यो जोसुकै एउटा लेम्यान ले पनि पढ्ने बेलामा त्यो concept लाई राम्रोसँग बुझ्न सक्छ । त्यसकारणले सम्माननीय अध्यक्ष महोदय, Political Stability को सकेसम्म किनभने Parliament  भनेको जनताको सार्वभौम एउटा संस्था हो । जनताको प्रतिनिधिहरू बस्ने ठाउँ हो । त्यसकारणले यो मर्नु हुँदैन । जतिबेला पनि यो मर्नु हुँदैन, मारिनु हुँदैन । जनताको सार्वभौमसत्तामाथि एउटा Executive ले आक्रमण गर्न पाउँदैन भन्ने concept हो, यो । त्यतिमात्रै होइन, अर्को कुरा म सम्माननीय अध्यक्ष महोदय म भन्न चाहन्छु, आज जरुरी छ, यो देशमा छलफल गर्नु पर्ने । हाम्रो System, हाम्रो अहिलेको Parliament Democracy यो Supremacy of the parliament  हो कि Supremacy of the Prime minister  हो ? के हो ? यो संविधानले के भन्छ ? म धेरै व्याख्या गर्न चाहन्नँ । तर यो संवधानको धारा, उपधाराले हरेक ठाउँमा Parliament को Supremacy  लाई established  गरेको छ । Prime minister को Supremacy होइन Prime ministerial system होइन, यो । Supremacy of the Prime minister होइन, Supremacy of the Parliament हो । त्यो concept लाई यो संविधानले established  गरेको छ । नम्बर- २ Political context ।

नम्बर-३ र अन्तिम तेस्रो र अन्तिम context सम्माननीय अध्यक्ष महोदय, म के भन्न चाहन्छु भने प्रधानमन्त्रीज्यू आफ्नो अहिले सुनियो, योभन्दा अगाडि नै एक जना माननीय सदस्यज्यूले जसलाई म धेरै आदर गर्छु मेरो असल मित्र हुनुहुन्छ । उहाँले

बडो दुखी भएर मन फटाएर केही कुराहरू गर्नुभयो । मेरो सहानुभूति छ । तर मेरो एउटा Question छ, सम्माननीय अध्यक्ष महोदय । मेरो Question मात्रै होइन, नेपाली जनताको प्रश्न हो । Democracy को प्रश्न हो । त्यो हरेक लोकतन्त्रवादीहरूको प्रश्न हो, यो । देशमा अग्रगमन चाहने हरेक व्यक्तिहरूको त्यो प्रश्न हो । त्यो के भन्दाखेरि तपाईंलाई पार्टीभित्र समस्या भयो तपाईंको पार्टीभित्र कसैले तपाईंलाई काम गर्न दिएन । So, that is your Party Problem . Country को problem होइन, त्यो, Parliament को problem होइन त्यो । देशको समस्या होइन, त्यो । कि त तपाईंले आफ्नो पार्टीभित्र बहुमत कायम गर्न सक्नुपर्थ्यो कि त अल्पमतमा परेपछि राजीनामा दिएर तपाईंको संसदीय दलले अर्को नेता बनाउन सक्थ्यो । तर तपाईं पार्टीभित्र समस्यामा पर्ने अनि Parliament लाई विघटन गर्ने ? देशलाई एउटा खाल्टोमा जाक्दिने ? दुनियाँमा यस्तो कुनै पनि एउटा देशभक्त, लोकतन्त्रवादी, अग्रगमन चाहने र जनताको प्रतिनिधि हामी कम्युनिष्ट हौं, जनताको प्रतिनिधि भनेको हामी नै हौं भन्ने नेताहरूले दुनियाँमा कहीं पनि यस्तो काम गर्दैनन् । गर्दै गर्दैनन् । तपाईंलाई त्यो अधिकार थिएन, त्यो गर्नलाई । तर त्यो तपाईंले गरिदिनुभयो । त्यसकारण यो ३ वटा Political context सम्माननीय अध्यक्ष महोदय, म नेपाली जनताको लागि सम्माननीय अध्यक्ष महोदयमार्फत यो गरिमामय सदनमा र यो गरिमामय सदनमार्फत खासगरेर सम्माननीय अध्यक्ष महोदयमार्फत यो कुरा मैले पार्टीको तर्फबाट राख्न चाहनुछु ।

त्यसकारण समग्रमा आज हामी सबै चिन्तित छौं । आज माननीय दिनानाथ शर्मा मात्रै होइन, अग्रगमनको लागि लडेको सारा राजनीतिक पार्टीहरू र हामी, तपाईं सबै व्यक्तिहरू जो अग्रगमनको लागि लड्यौं, इतिहासमा हामी सबै चिन्तित छौं । हाम्रो देश आज बहुत अप्ठ्यारो अवस्थामा परेको छ । बहुत अप्ठ्यारो अवस्थामा परेको छ । कसरी Rescue हुन्छ ? Rescue हुन्छ कि हुँदैन ? त्यसैले आज को मन्त्री बन्ने, को नबन्ने ? को कुन मन्त्री बन्ने, को नबन्ने ? त्यो चीज आज होइन । म सम्माननीय अध्यक्ष महोदयमार्फत आम राजनीतिक नेता र कार्यकर्ताहरूलाई आह्वान गर्न चाहन्छु । आज आफ्नो हित होइन, पार्टीको हित होइन, Democracy को लागि अग्रगमनको लागि, देशभक्तिको लागि, राष्ट्रिय अखण्डता र सार्वभौमसत्ताको लागि, नेपालको मजबुतिको लागि त्यो Height बाट आज हामीले सोच्नु परेको छ । तर यो सरकारले, यो सरकारमा रहेका व्यक्तिहरूले र सत्ताधारी पार्टीले त्यो Height बाट नसोचिराखेको हुनाले म आज दुःखी छु, सम्माननीय अध्यक्ष महोदय, म चिन्तित छु । मैले पनि म व्यक्तिगत रूपमा पनि

नेपालको अग्रगमनको लागि, संघीय लोकतान्त्रिक गणतन्त्रको लागि अलिकति थोरै भए पनि पञ्चायत कालदेखि अहिलेसम्म अलिकति श्रम लगाएको हुनाले, श्रमशक्ति लगाएको हुनाले म स्वयं पनि चिन्तित छु र मलाई लाग्छ, जस्तै हजारौं, लाखौं, करोडौं नेपाली जनता देशभक्त र अग्रगमनकारी जनताहरू चिन्तित छन् । त्यसकारणले यो सन्दर्भमा मैले यति भनें । तर सम्माननीय अध्यक्ष महोदय, मध्यावधि घोषणा भएको छ । म यो भन्न चाहन्छु ।

यो Political context भनिराख्दाखेरि एउटा कुरा, एउटा सत्यलाई म उजागर गर्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदय । हामीलाई यो लागेको थियो, सम्माननीय अध्यक्ष महोदय कि कहीँ सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार त्यही दिशामा नेपाली काँग्रेसले बारम्बार भन्थ्यो, यो सरकार अधिनायकवादको दिशामा जान खोजिरहेको छ है । त्यो शक्तिको भोक जागिरहेको छ है, सरकारलाई र यो सरकारको अगुवा नेतालाई जागिरहेको छ शक्तिको भोक । कतिबेलादेखि हामीले भन्न सुरु गऱ्यौं जतिबेला राष्ट्रिय अनुसन्धान विभाग जो गृह मन्त्रालय अन्तर्गत थियो, प्रधानमन्त्री कार्यालयमा लगियो । किन लगियो ? Logic के थियो त्यसको ? Justification के थियो त्यसको ? आन्तरिक राजस्व विभाग, सम्पत्ति शुद्धीकरण विभाग जो अर्थ मन्त्रालय अन्तर्गत थियो, PM को Office मा पुऱ्याइयो । Why ? बुढो मऱ्यो भन्ने चिन्ता होइन काल पल्किएको चिन्ता हो । त्यतिबेला नेपाली काँग्रेसले भनेको थियो । अहिलेको सम्माननीय प्रधानमन्त्रीज्यूमा शक्ति केन्द्रीकरण गर्ने एउटा भोक जागेको थियो । कहीँ मुलुक दुर्घटनातिर जान्छ कि भन्ने नेपाली काँग्रेसले बारम्बार भनेको थियो । त्यसकारणले यसलाई त्यो Context मा पनि यो सरकारको र सरकारको अगुवाको यो अधिनायकवादी चिन्तनतिर दौडने, जाने त्यो प्रवृत्तिको सन्दर्भमा पनि अहिलेको .... हामीले व्याख्या गर्न सक्नुपर्छ । अनि मात्रै भोलिका दिनबाट True, साँच्चिकै Democratic Prime minister कसरी यो मुलुकमा आउँछ भन्ने कुराको निक्यौंल हामीले गर्न सक्छौं । धेरै कुरा म भन्न चाहन्नँ, सम्माननीय अध्यक्ष महोदय, अब यो अद्यावधिकको कुरा गरेको छ, कोभिडको अवस्था छ । के सम्भावना छ, अद्यावधिक चुनाव यदि हुन गयो भने सर्वोच्च अदालतले यदि त्यही फैसला गरिदियो भने कोभिडको स्थिति छ । देशको आर्थिक अवस्था, देशका पूर्वअर्थ मन्त्री यहीँ मञ्चबाट 7 percent economic growth मा अब यो मुलुक जान्छ र मैले त्यहीँ बसेर Challenge गरेको थिएँ कि 7 percent economic growth मा गयो भने म राजनीतिक छोड्दिन्छु भन्ने मान्छे मै थिएँ । आज उहाँ हुनुहुन्न । देशको आर्थिक

अवस्था World Bank, ले हाम्रो राष्ट्र बैङ्कले या सीवीएसले के भनिराखेको छ 0 percent को हाराहारीमा या अझ ऋणात्मक हुन सक्ने सम्भावना छ । यो आर्थिक अवस्था छ । फेरि हामी अरबौं रुपैयाँ यो मध्यावधितिर जाने र त्योभन्दा पनि खतरनाक, अत्यन्त खतरनाक सम्माननीय अध्यक्ष महोदय, यो म भन्न चाहन्छु त्यो के भन्दाखेरि अहिले हाम्रो देशमा र खासगरेर कम्युनिष्ट पार्टीका नेताहरूलाई भन्न चाहन्छु, तपाईंहरू बारम्बार देशभक्तिको कुरा गर्नुहुन्छ, तपाईंहरू बारम्बार राष्ट्रियताको कुरा गर्नुहुन्छ र कहिलेकाहीं आक्रामक ढङ्गले काँग्रेसलाई गाली गर्नुहुन्छ । कम्युनिष्ट मात्रै देशभक्त, कम्युनिष्ट मात्रै राष्ट्रियता ।

अहिले दक्षिण र उतरको जुन चहलपहल, चलखेल फास्ट ट्र्याकबाट काठमाडौं ओर्लिने र काठमाडौंबाट निस्कने जुन परिदृष्य देखिएको छ, यसले नेपालको राष्ट्रियतालाई कति बलियो गर्छ ? म चाहन्छु कि यो बारेमा नेपालको कम्युनिष्ट पार्टीले, सरकारले र कम्युनिष्ट नेताहरूले यो उतरदक्षिणको चलखेलले जुन अहिले देखिरहेका छौं हामीले नेपालको राष्ट्रियतालाई कति बलियो गर्छ ? हाम्रो स्वः निर्णयलाई कति बलियो गर्छ ? यसको जवाफ तपाईंहरूले दिनु पर्दछ । म यो, जवाफ माग्, पार्टीको तर्फबाट म जवाफ माग्दैछु, नेपाली काँग्रसको तर्फबाट । यसले यसरी नेपालको राष्ट्रिय स्वाधीनता बलियो हुँदैन । नेपालको राष्ट्रिय अखण्डता बलियो हुँदैन । जहाँबाट बलियो हुन्छ, Inclusive Democracy बाट बलियो हुन्छ । तराई, पहाड र हिमालको एकताबाट बलियो हुन्छ । त्यहाँ तपाईंहरू चुक्नुहुन्छ । कहिलै तपाईंहरू Inclusive Democracy को कुरा गर्नुहुन्न, सत्ताधारी पार्टीले र सरकारले । कहिल्यै Inclusive Democracy को कुरा गर्नुहुन्न तपाईंहरूले । तर राष्ट्रियताको कुरा गर्नुहुन्छ र यो परिदृष्यले राष्ट्रियता बचाउँछ ? यो मेरो प्रश्न म राख्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदय ।

त्यतिमात्रै होइन, अब म खालि विषय मात्रै राख्छु, व्याख्या म गर्न चाहन्नँ । सम्माननीय अध्यक्ष महोदयले सङ्केत दिनु भएको छ । Time निर्धारण नगरे पनि सकेसम्म मिलाएर बोल्नुहोला । म शीरोधार्य गर्न चाहन्छु, त्यो सङ्केतलाई र म यति मात्रै भन्न चाहन्छु, यो त Political context राखें, अहिलेको सन्दर्भमा । तर यो ६ महिनाको परिदृष्य हेर्दाखेरि नेपाली जनता अत्यन्त चिन्तित छन् । हामी सबै चिन्तित छौं । हाम्रो देशमा भ्रष्टाचारले जसरी जरा गाडेको छ, यति होल्डिङ्गको पासोमा सरकार पऱ्यो । प्रिन्टिङ्ग प्रेस खरिद प्रकरण, ओमनी ग्रुपको क्रियाकलाप आदि इत्यादि यो ट्रान्सपरेन्सी इन्टरनेशनलको रिपोर्टले नेपालको अनुहारलाई बदनाम गरेको छ । नेपाल एउटा भ्रष्ट

मुलुकमा गनिएको छ र त्यसको अगुवाइ अहिलेको सरकारले गरेको छ । दुःखसाथ मैले भन्नु पर्दछ, यो कुरा।

त्यसपछाडि अर्को विषय सम्माननीय अध्यक्ष महोदय, यो भर्खरै एउटा अध्यादेश संवैधानिक परिषद्सम्बन्धी काम, कर्तव्य, अधिकार र कार्यविधि जुन नयाँ ल्याइएको छ, त्यसमा म यतिमात्रै भन्न चाहन्छु कि हिजोको त्यो संवैधानिक परिषद्को जुन composition छ, त्यो composition मा प्रतिनिधि सभाको सभामुख मात्रै होइन, राष्ट्रिय सभाको अध्यक्ष मात्रै होइन, दुवै जना र उपसभामुखसमेत Parliament को representation, Prime minister बाट executive representation र त्यतिमात्रै होइन जुडिसेरिको representation बाट प्रधानन्यायाधीश र त्यतिमात्रै होइन, चिफ अपोजिसनको representation भएर त्यो संवैधानिक परिषद् गठन भएको हो । त्यसको अर्थ के हो भन्दाखेरि संवैधानिक आयोगहरू executive को पञ्जामा जान दिनु हुँदैन । सरकार आउँछ, जान्छ । कहिले काँग्रेस सरकार बन्छ, कहिले कम्युनिष्ट सरकार बन्छ कहिले अरूको सरकार बन्छ । executive एक किसिमको हुन्छ । त्यसकारण संवैधानिक परिषद्को composition यस्तो हुन्छ जसले निर्णय गर्दाखेरि संवैधानिक निकायहरूमा जाने व्यक्तिहरू executive को पञ्जामा नपरोस्, executive को छायाँमा नपरोस् भन्ने concept हो, सम्माननीय अध्यक्ष महोदय । त्यो अवधारणा दक्षिण अफ्रिकाबाट नेपालमा ल्याएका हौं । तर अहिले जुन ढङ्गले अध्यादेश आएको छ, त्यो completely म यसको Political concept लाई खण्डन गरेको छु । त्यो संविधानले जुन मर्म बोकेको छ, संविधानले जुन प्रावधान बोकेको छ, मर्म र प्रावधानको Letter and spirit को खिलाप अहिले अध्यादेश आएको छ । त्यसकारण त्यो अध्यादेशलाई विरोध गर्न चाहन्छु । त्यो अध्यादेश फिर्ता म नेपाली काँग्रेस दलको तर्फबाट माग गर्न चाहन्छु । त्यतिमात्रै होइन सम्माननीय अध्यक्ष महोदय, अब म करिब-करिब आफ्नो कुरा अन्त्य-अन्त्यतिर गइराखेको छु । 'समृद्ध नेपाल सुखी नेपाली' बहुत राम्रो कुरा । कसलाई राम्रो लाग्दैन र ? कुन Political force ले 'समृद्ध नेपाल सुखी नेपाली' बनाउन चाहँदैन ? तर मैले भनेको थिएँ, मैले यहीं सदनमा सम्माननीय अध्यक्ष महोदय मैले भनेको थिएँ । कहीं यो समृद्ध नेपाल सुखी नेपाली नारा बहुत राम्रो छ । तर सरकारको काम, कारबाही त देख्दाखरि कहीं दरिद्र नेपाल दुःखी नेपालीको दिशामा त सरकार गइराखेको छैन ? मैले उठाएको थिएँ । बजेट भाषणको क्रममा मैले यो कुरा उठाएको थिएँ । र अहिले यो कोभिड-१९ को सन्दर्भमा एउटा Stimulus package को रूपमा घोषणा हुनुपर्दछ भनेर

बारम्बार सत्तापक्षबाट पनि र प्रतिपक्षबाट पनि बारम्बार यो कुरा उठाइएको थियो । तत्कालीन अर्थ मन्त्री हुनुहुन्थ्यो, डा. युवराज खतिवडा । तर अहिलेसम्म पनि अमेरिकामा पनि अहिले भर्खर Stimulus Package गठन भयो । चीन र भारतमा त्यही बेला ठूलो amount को Stimulus Package घोषणा भयो, सरकारको तर्फबाट । तर Stimulus Package हामीले घोषणा गर्न सकेनौं । MCC अहिलेसम्म एउटा झुण्डिएर बसिराखेको छ । BRI अगाडि बढ्न सकेको छैन । Economic growth rate अहिले ऋणात्मक हुने अवस्थामा छ । यस्तो अवस्थाले यो सरकारले कसरी समृद्ध नेपाल र सुखी नेपालीको बाटोमा जाला ? त्यो Destination meet गर्ला भन्ने मेरो प्रश्न छ, सम्माननीय अध्यक्ष महोदय ।

अब विधेयकहरूको कुरा गर्दाखेरि मैले यतिमात्रै भनुँ कि नेपाल सरकारले जति पनि विधेयकहरू पठाइराखेको छ, संसदमा दिइराखेको छ, म आफैं पनि विधायन व्यवस्थापन समितिको सदस्य छु । त्यहाँ जति पनि विधेयकहरू आइराखेको छ, सम्माननीय अध्यक्ष महोदय, ती विधेयकहरू संविधानको अक्षर र भावनाबाट आइराखेका छैनन् । त्यसमा केन्द्रीकृत संरचनाको हिजोको संरचना, हिजोको मानसिकताको mind set को गन्ध ह्रास्स गन्हाउने किसिमको चीजहरू आइराखेको छ । असमावेशी प्रकृतिको आइराखेको छ । संविधानसँग मेल नखाएको संरचनामा बाधिएर विधेयकहरू आइरहेको छ । त्यसकारण म सरकारलाई भन्न चाहन्छु, तपाईंहरू commitment संघीयताप्रति हो कि होइन ? आज मलाई एकदमै दुःखी बनायो । प्रधानमन्त्रीज्यूको एकदम नजिकको छोरी, आफूलाई छोरी दाबी गर्नुहुन्छ, छोरी हुँ भनेर, मेरो उहाँ बा हो । उहाँको आज online news मा आज news आएको छ । नाम किन भन्ने हामी सबैलाई थाहा छ कि प्रधानमन्त्रीज्यूसँग माग गर्नु भएको छ उहाँले । प्रधानमन्त्रीज्यूको एकदम किचन क्याविनेटको नेतृ । संघीयता खारेज गर्नु पर्दछ, प्रधानमन्त्रीज्यूले भनेर उहाँले माग गर्नु भएको छ । आज online news मा आएको छ, रातो पाटी डटकममा आएको छ । यही हो त सरकारको commitment के भयो ? सम्माननीय प्रधानमन्त्रीज्यूको commitment के हो ? Question त अब कमरेड प्रचण्डको तर्फबाट कमरेड माधव नेपालले तर्फबाट Question आइरहेको छ कि सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिवद्धता संघीयताप्रति छैन । सत्तापक्षबाटै आइरहेको छ । तर म पनि यो Question गर्न चाहन्छु कि विधेयकहरूको सन्दर्भमा मैले यो Question खडा गरें । जहिले पनि जितेन्द्र नारायण देवले मात्रै वा अन्य केही मधेशका मान्छेहरूले मात्रै त्यो विधायन व्यवस्थापन समितिमा समावेशिताको

कुरा दफा, उपदफा आउँदाखेरि बोल्नु पर्ने ? यो commitment  नेपाली काँग्रेस, तत्कालीन एमाले, तत्कालीन माओवादी अहिलेको नेकपा सम्पूर्णको हो नि त Inclusive Democracy concept संघीयताको  concept  । यसमा संविधान त हामीले बनाएका हौं । तर त्यो अवस्थामा मैले देखिराखेको छैन, सम्माननीय अध्यक्ष महोदय । भर्खरै माननीय दीनानाथ शर्माजीले भन्नुभयो, ऊखु किसानको सन्दर्भमा यो नियमित, आकस्मिक जस्तो भइराखेको छ र एउटा मृत्यु नारायण राय यादवको अकाल मृत्यु, त्यो कृषकको भयो । जो आफै घरबाट निस्कने बेलामा पैसा लिएर आउँछु, ऋण तिर्छु भनेर आउनु भएको थियो, जाने बेलामा लास भएर जानुभयो । यो नियमित, आकस्मिकता बाढी, पहिरोजस्तै आगलागीजस्तै यो नियमित, आकस्मिकता आज केही वर्षदेखि देखिराखेका छौं हामी ऊखु किसानहरूको । यसको बारेमा नेपाल सरकारले एउटा स्थायी समाधान के हो त भनी खोजी गर्ने कि नगर्ने ? एउटा स्थायी समाधान दिने कि नदिने ?

सातौं, महिला हिंसाको कुरा हामीले देखिरहेका छौं । यस बारे धेरै व्याख्या म गर्न चाहन्नँ । तर आज समय आइसकेको छ कि महिला हिंसालाई रोक्नको निमित्त, नियन्त्रण गर्नको निमित्त जुन वेगमा वेगवान ढङ्गले यो इस्यूज अगाडि आइराखेको छ, यसमा National कन्सेन्सस् गरेर यसमा कुनै सरकार मात्रै होइन सत्ताधारी पार्टी मात्रै होइन प्रतिपक्षसमेत यसमा यो विषयमा लागेका आन्दोलनकारीहरूसमेत मिलेर यो मुलुकबाट महिला हिंसाका कामलाई यो वारदातहरूलाई नियन्त्रण गरेर जानु पर्दछ । जसमा चाहिँ सरकार अलिकति जुन ढङ्गले आउनु पर्ने हो, त्यो सरकार आइराखेको छैन, सम्माननीय अध्यक्ष महोदय ।

र अन्तिममा म यो भन्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय, भर्खरै २/३ दिनदेखि मिडियामा व्यापक आइराखेको छ र सत्तापक्षको एक जना भर्खरै मन्त्रीबाट बाहिर निस्कनु भएको, बाहिर आउनु भएको र लामो समयदेखि संविधान निर्माणको क्रममा सक्रिय रहनु भएको एक जना साथी उहाँले उठाउनु भएको छ यो कुरा र एउटा पेपरले त लेखिसकेको छ ४० करोडमा अहिले भर्खरै फोन ट्याव गर्ने मेशिन नेपाल सरकारले गृह मन्त्रालयमार्फत मगाएको छ । गृह मन्त्रालयमार्फत होइन अरु सम्बन्धित कुन मन्त्रालयमार्फत किनभने अहिले राष्ट्रय अनुसन्धान विभाग PM office अन्तर्गत छ । त्यसकारणले ४० करोडको मेशिन आएको छ र भर्खरै मन्त्रीबाट निस्कनु भएको एक जना नेताले भन्नु भएको छ कि अहिले केही दिनदेखि सरकारले नेपालका आफ्ना विरोधी नेताहरूको फोन ट्यापिङ्गमा लागेको छ । यदि यो हो भने इलिगल unconstitutional र

यो फौजदारी अपराधको category मा जाने कुरा हुन्छ यो । यदि यो हो भने । म यो हो भनेर भन्न चाहन्नँ । तर मिडियामा आएको छ । त्यसकारण यदि यो होइन भने राम्रो हो । यो के हो ? मिडियामा आइसकेको छ । एक जना भूपू मन्त्रीले भन्नु भएको छ, सत्तापक्षको नेताले भन्नुभएको छ । फोन ट्यापिङ्ग भइराखेको छ । यसबारेमा चाहिँ म नेपाल सरकारसँग जवाफ सम्माननीय अध्यक्ष महोदयमार्फत म माग गर्न चाहन्छु ।

एउटा कुरामा सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशमा बारम्बार परराष्ट्र नीतिको बारेमा अहिले भर्खरै परराष्ट्र मन्त्रालयले केही दिन अगाडि नयाँ परराष्ट्र नीति घोषणा गर्‍यो । परराष्ट्र नीतिको बारेमा, राष्ट्रिय सुरक्षा नीतिको बारेमा र जलस्रोत उपयोगको बारेमा यो ३ वटा विषय सम्माननीय अध्यक्ष महोदय, मैले देखेको यो ३ वटा विषय यस्तो विषय हो, जो कुनै एउटा पार्टीले मात्र अगाडि बढाएर यसले एउटा साङ्गो पाङ्गो एउटा कम्प्रेहेन्सिव स्वरूप यसले ग्रहण गर्दैन । नेपालमा सरकारदेखि विपक्षसम्म मिलेर यो परराष्ट्र नीतिको बारेमा, राष्ट्रिय सुरक्षा नीतिको बारेमा र जलस्रोत उपयोगको बारेमा एउटा नेश्नल कन्सेन्सस् बनाउन सक्नु पर्दछ । तर अहिले सम्माननीय प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले एकलकाटे ढङ्गले न परराष्ट्र नीतिको सन्दर्भमा न राष्ट्रिय सुरक्षा नीतिको सन्दर्भमा न जलस्रोत उपयोगको सन्दर्भमा कुनै interaction प्रतिपक्ष दलहरूसँग गरिराखेको अवस्था छैन । र जसरी एकलकाटे ढङ्गले अगाडि गइराखेको अवस्था छ, यसले निश्चित रूपमा जुन उपलब्धि विदेशीहरूले हामीभित्र खेल्ने एउटा माध्याम यो पनि हो, परराष्ट्र नीति एउटा सरकार आएपछि यो त तपाईंहरूको हो नि अरूले त्यस्तो भन्दैन नि अर्को पार्टीले त्यस्तो भन्दैन नि हामीभित्र विदेशीहरू पेनिटेड गर्ने एउटा कारण के हो भन्दाखेरि यी विषयहरू नेश्नल कन्सेन्सस् कमसेकम main political actor हरूको sources हरूको बीचमा जुन नेश्नल कन्सेन्सस् हुनुपर्ने हो । त्यो कन्सेन्सस् नभएको हुनाले यो स्थिति देखिएको छ । विदेशी चलखेलको स्थिति हामीभित्र खेल्ने पेनिटेड गर्ने खेल्ने र हामीलाई फेल गर्ने त्यसकारणले यो विषयतिर म अहिले सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । सत्ताधारी पार्टीको ध्यान म सम्माननीय अध्यक्ष महोदयमार्फत म आकर्षित गर्न चाहन्छु कि यो विषयहरूमा नयाँ सिराहरूबाट एउटा राष्ट्र बहस खडा गरौं र कमसेकम यो तीन वटा विषयमा हामी एक ठाउँमा पुग्न सक्यौं भने त्यो एउटा समृद्धिको दिशामा सुखी नेपालीको दिशामा या खुसी नेपालीको दिशामा हामी अगाडि बढ्न सक्छौं सम्माननीय अध्यक्ष महोदय । अन्त्यमा म एउटा कुरा भन्न चाहन्छु जो बारम्बार सम्माननीय अध्यक्ष महोदय तपाईंकै पनि उपस्थितिमा यो विषयमा बहस भइरहन्छ । parliament भित्र साथीहरू बस्दाखेरि बहस भइरहन्छ । आज पनि अलिकति छवास्स अलिकति माननीय दीनानाथ शर्माले छुनु भयो त्यो विषयमा म आफ्नो कुरा राख्न चाहन्छु अन्त्यमा त्यो के हो भन्दाखेरि parliament को एउटा गलत राजनीतिक चिन्तन सम्माननीय अध्यक्ष महोदय । माथि-माथिसम्म अब कहाँ-कहाँसम्म हामी आफैंले मनन्

गरौं तर माथि-माथिसम्मको एउटा गलत राजनीतिक चिन्तन के छ भने सरकारले business नै दिंदैन । सरकारले business दिएन भने किन बस्नु पर्‍यो ? संसद किन बस्नु पर्‍यो के विधेयक मात्रै हो संसदको business ? यो political अवधारणा, बुझाइ understanding यो राजनीतिक बुझाइ टोटल फेलेसियस छ । यो म भन्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदय । तपाईंमार्फत म भन्न चाहन्छु, म यो । यो टोटल फेलेसियस छ । गलत बुझाइ हो यो । Parliament को काम हो, विधेयकमा छलफल गर्ने कानून बनाउने एउटा प्रमुख काम हो । यसमा दुई मत छैन । तर यीबाहेक जो कि यो सार्वभौमसत्ता आफूभित्र राख्ने संस्था हो । जनताको प्रतिनिधिहरू बस्ने ठाउँ हो । जनताका दैनिक समस्याहरूका बारेमा राष्ट्रको समस्या, जनताको समस्याको बारेमा बोल्ने Parliament को काम हो । विधेयक आउँछ, कुनै सेसनमा कम आउँछ, कुनैमा धेरै आउँछ, त्यो आफ्नो प्रक्रियामा जान्छ । तर business आएन, सरकारले business दिएन भने किन बस्ने भन्ने जुन चिन्तन हो, यो बुझाइलाई हामी यो बुझाइलाई परिवर्तन गरौं । Parliament को साङ्ग पाङ महत्त्वलाई बुझ्ने प्रयत्न गरौं । यो म सम्माननीय अध्यक्ष महोदयमार्फत यो आह्वान म सम्पूर्ण सत्ताधारी पार्टीदेखि प्रतिपक्षदेखि सम्पूर्ण parliament मा विश्वास गर्ने Parliament Democracy मा विश्वास गर्ने, संसदीय लोकतन्त्रमा विश्वास गर्ने, जनताको सार्वभौमसत्तामा विश्वास गर्ने सबै साथीहरू त्यो ढङ्गले यो कुरा लिएर हामी अगाडि बढौं । सम्माननीय अध्यक्ष महोदय समय दिनुभएकोमा म यहाँलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु र म आफ्ना कुरालाई यहीं विराम दिन चाहन्छु । धन्यवाद । नमस्कार ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय प्रमिला कुमारी ।

<u>**माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**</u>:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म यस अधिवेशनमा उपस्थित सम्पूर्ण माननीय सांसद साथीहरूलाई शुभकामना व्यक्त गर्नुका साथै यस अधिवेशनको सफलताको पनि कामना गर्दछु । मिति २०७७ पुस ५ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा सम्माननीय राष्ट्रपतिद्वारा जनताको सर्वोच्च प्रतिनिधि संस्था प्रतिनिधि सभा विघटन गरिएको छ । यस असंवैधानिक अलोकतान्त्रिक र प्रतिगमनकारी कदमप्रति हाम्रो दल जनता समाजवादी पार्टी, नेपाल घोर आपत्ति प्रकट गर्दछ । प्रधानमन्त्रीज्यूले चाल्नुभएको यो कदम २०१७ साल पुस १ गते राजा महेन्द्रले चालेको प्रतिगमनकारीकै पुनरावर्ती हो । यो सामान्य घटना नभई संविधानमाथिकै कु हो । प्रधानमन्त्रीलाई

वर्तमान संविधानले दिँदै नदिएको अधिकार प्रधानमन्त्रीज्यूले प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्नु भएको हो । प्रधानमन्त्रीज्यूको यस कदमलाई उहाँका श्रृङ्खलाबद्ध अभिव्यक्तिहरूसँग जोडेर हेर्दा उहाँको गणतन्त्र, संघियता र समावेशिता विरोधी चरित्र झल्किन्छ । गणतन्त्रको आन्दोलनलाई बयलगाढामा चडेर अमेरिका पुगिँदैन भनेर आफ्नो गणतन्त्र विरोधी चरित्र प्रष्ट पार्नु भएको थियो । पहिचानसहितको संघीयताको आन्दोलनलाई सम्प्रदायिक र विखण्डनकारी एवम् आयातित भन्दै आन्दोलनकारीलाई जातिवादीको आरोप लगाएर प्रधानमन्त्रीज्यू आफू एकात्कमक केन्द्रकृत नक्षवादीहरूकी कित्तमा उभिनु भएको छ । मधेश जनविद्रोह, जनआन्दोलन, जनयुद्ध, आदिवासी जनजाति आन्दोलन, थारू विद्रोहलगायत सबै अग्रगामी परिवर्तनकारी राष्ट्रिय आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूको विरुद्ध पश्चगामी राजावादीहरू यथास्थितवादीहरू लागेकै बेला आज प्रधानमन्त्री ओलीज्यूले पनि तिनै प्रतिगमनकारीहरूको नेतृत्व गर्दै प्रतिनिधि सभा विघटन गराउनु भएको हो । त्यसैले जनता समाजवादी पार्टी, नेपालले प्रधानमन्त्रीज्यूको यस असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदमविरूद्ध चरणवद्ध आन्दोलनको तथा विरोध प्रदर्शन गरिरहेको अवस्था छ । राष्ट्रपति संविधानको संरक्षक हुन्छ भक्षक होइन तर राष्ट्रपतिजस्तो गरिमामय पदमा बस्ने महिलाले पनि आफ्नो सुझबुझका साथ संविधान सङ्गत निर्णय गर्न नसकेकै कारण आज समाजमा महिला अपहेलित भएका छन् । समाजमा महिलाप्रतिको विश्वास घट्दै गइरहेको अवस्था छ । त्यसैले प्रधानमन्त्रीज्यू र राष्ट्रपतिज्यूको संविधान विपरीत कदमविरूद्ध सम्मानित सर्वोच्च अदालतमा मुद्दाहरू दर्ता भई संवैधानिक इजलासमा छलफलको क्रममा छ र म पूर्ण विश्वस्त छु । संवैंधानिक इजलासले निकट भविष्यमा नै प्रतिनिधि सभा पुनर्स्थापना गर्न आदेश जारी गर्नेछ सर्लाहीको ऊखु किसान स्वर्गीय नरारण राय यादवप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु । जुन देशमा धर्ती पुत्र किसान आफ्नो खुन पसिनाको कमाइ लिन आन्दोलन गर्दागर्दै शाहदत प्राप्त गर्दछ यो देश कसरी समृद्ध हुन सक्छ त ? कतिपय देशहरूमा द्रुत गतिले भाइरस सर्ने नयाँ कोरोना महामारीको पत्ता लागेको छ । पीसीआर टेष्ट न्यून मात्रामा भइरहेको छ र मृत्युदर दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । यस्तो महामारीलाई नियन्त्रण गर्ने मूल दायित्व सरकारको हो तर प्रधानमन्त्रीज्यूको ध्यान आफ्नो कुर्सी बचाउनेतिर मात्रै देखिन्छ । देशमा बलात्कार, हत्या हिंसा र भ्रष्टाचार दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । वाइडबडी काण्ड, सुन काण्ड, जग्गा अतिक्रमण काण्ड, स्वास्थ्य सामाग्री खरिद आदिमा भएका भ्रष्टाचार निवारणतिर ध्यान दिनुपर्ने ठाउँमा प्रतिपक्षलाई

कमजोर बनाउन र आफ्नो मान्छेलाई संवैधानिक निकायहरूमा नियुक्ति गर्न संवैधानिक परिषद् संशोधन अध्यादेश सरकारले ल्याएको छ । त्यसैले यो अध्यादेश फिर्ता हुनैपर्छ । नेपाली जनता कम्युनिष्ट सरकारबाट ठुलो अपेक्षा गरेका थिए तर पार्टीभित्रको अन्तरद्वन्द्वले गर्दा आज मुलुक अन्योल अवस्थामा छ । बलियो सरकार भएपछि द्रुत गतिले विकास हुने ठाँउमा विचौलियाहरू मात्र बलिया भएका छन्, लोकतन्त्र मजबुत हुने ठाँउमा गुटतन्त्र मजबुत भएको छ । त्यसैले विचौलिया दलाल भ्रष्टाचारीलाई पक्षपोषण दिने संरचना भत्काउन र प्रतिनिधि सभा पुनर्स्थापना जोडदार माग गर्दै नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठलाई “संवैधानिक परिषद् (काम, कर्तव्य अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०७७" पेश गर्न अनुमति दिन्छु ।

**<u>माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठ</u>**ः- सम्माननीय अध्यक्ष महोदय, संवैधानिक परिषद् (काम, कर्तव्य  अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा परिषद्को अध्यक्ष कम्तीमा ४ जना सदस्य र उपस्थित परिषद्को बैठकमा गणपूरक सङ्ख्या पुग्ने तथा बैठकमा पेश भएका प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुने व्यवस्था रहेको बैठक बस्न र निर्णय हुन नसकेको हुदाँ संवैधानिक परिषद्को बैठक बस्न निर्णय हुन सक्ने गरी तत्सम्बन्धी व्यवस्थालाई तत्काल संशोधन गर्नुपर्ने भएको हो । अतः उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने परिस्थिति उत्पन्न भएको र संघीय संसदको अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४ उपधारा (१) बमोजिम "संवैधानिक परिषद्को (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्वन्धी अध्यादेश २०७७" सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री रामबहादुर थापालाई "तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७", “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन सुपरिवेक्षण संशोधन) अध्यादेश २०७७" र

"सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश २०७७" क्रमशः पेश गर्न अनुमति दिन्छु ।

**<u>माननीय गृहमन्त्री श्री रामबहादुर थापा</u>:-** सम्माननीय अध्यक्ष महोदय, तेजावलगायत अन्य घातक पदार्थ रासायनिक पदार्थ प्रयोग गरी आपराधिक क्रियाकलाप गर्नेको सङ्ख्या दिनानुदिन बढ्दो क्रममा रहेको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १९३ ले तेजाव वा अन्य रासायनिक जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरूप पार्न नहुने व्यवस्था गरेको भए तापनि उक्त व्यवस्थाले तेजावलगायत अन्य घातक रासायनिक पदार्थको अन्य उत्पादन, बिक्रीवितरण, ओसारपोसार र प्रयोग सम्बन्धमा प्रष्ट व्यवस्था नगरेको हुँदा सोसम्बन्धी नयाँ कानून बनाई तेजावलगायत अन्य घातक रासायनिक पदार्थको प्रयोग गरी हुने क्रियाकलापलाई न्यूनीकरण गर्न नियामक कानून आवश्यक भएको साथै तेजाव तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपोसार, प्रयोग, विक्रीवितरण तथा त्यस्तो पदार्थको विसर्जन गर्ने कार्यलाई नियमन गरी रोक लगाउनको लागि तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको हो । अतः तेजाव प्रयोग गरी हुने आपराधिक क्रियाकलापहरू दिनानुदिन घटिरहेकोले उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने स्थिति उत्पन्न भएको र संघीय संसदको अधिवेशन चलिरहेको अवस्था नभएकोले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम "तेजाव तथा घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७" सभा समक्ष पेश गर्दछु । धन्यावाद ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय ऐन, २०७६ संवत् २०७६ साल माघ २८ गते प्रमाणीकरण भएको आठौं दिनबाट प्रारम्भ भएको छ । उक्त ऐनले नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । नेपालको संविधानको धारा २८८ को उपधारा (१) मा नेपालको राजधानी काठमाडौंमा रहने व्यवस्था गरेबमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजधानी काठमाडौंको विशेष सुरक्षा प्रबन्ध तथा अपराध अनुसन्धान तथा नियन्त्रणका लागि संघीय राजधानी प्रहरी गठन तथा संरचना व्यवस्था र त्यसको काम कर्तव्य, अधिकार, अनुसन्धान तथा नियन्त्रण गर्न र अन्य केही व्यवस्था संशोधन गर्न आवश्यक भएको । अतः उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने परिस्थिति उत्पन्न भएको र संघीय संसदको अधिवेशन

चलिरहेको अवस्था नभएकोले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय (पहिलो संशोधन) अध्यादेश, २०७७ सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ४३ बमोजिम सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न संघीय संसदले जारी गरेको सामाजिक सुरक्षा ऐन, २०७५, प्रमाणीकरण २०७५/०६/०२ कार्यान्वयनमा रहेको छ । उक्त ऐनमा भएका केही प्रावधानहरूमा समयसापेक्ष संशोधन गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वर्ग वा समुदाय थप गर्न आवश्यक महशुस भएको । अतः उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने परिस्थिति उत्पन्न भएको र संघीय संसदको अधिवेशन चलिरहेको अवस्था नभएकोले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७" सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री हृदयेश त्रिपाठीलाई औषधी त्यसको संशोधन अध्यादेश, २०७७ पेश गर्न अनुमति दिन्छु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री हृदयेश त्रिपाठी**ः- सम्माननीय अध्यक्ष महोदय, विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ सङ्क्रमणबाट नेपाल पनि आक्रन्त बन्यो । एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सङ्क्रामक रोग भएकोले यसको रोकथाम नियन्त्रण र उपचारमा औषधी वा खोपको महत्वपूर्ण भूमिका रहने

गर्दछ । कोभिड-१९ र यस्तै प्रकारको महामारीको रूपमा फैलिने र मानविय क्षति गर्ने सङक्रामक रोगको रोकथाम, नियन्त्रण वा निर्मूल गर्न औषधी वा खोपको नेपालमा आपतकालीन प्रयोगको अनुमतिको लागि कानूनी व्यवस्था गर्न आवश्यक रहेकोले । खोप ऐन, २०७२ दफा १३ को उपदफा (१) मा खोप आपूर्ति गर्ने संस्थाले औषधी व्यवस्था विभागमा दर्ता भएको मात्र आपूर्ति गर्नु पर्नेछ भन्ने व्यवस्था भएको तर हाल कार्यान्वयनमा रहेको औषधी ऐन, २०३५ मा यससम्बन्धी व्यवस्था नरहेकोले विभिन्न मुलुकमा खोपको सफल परीक्षण भइरहेको सन्दर्भमा विश्व स्वास्थ्य संगठनमा सूचीकृत

भएका वा सम्बन्धित मुलुकको औषधी नियामक निकायले दर्ता गरेका वा त्यस्ता नियामक निकायले आपतकालीन प्रयोगको अनुमति प्रदान गरेका औषधी वा खोपलाई नेपालमा आपतकालीन प्रयोगको लागि अनुमति दिने प्रयोजनका लागि तत्कालै औषधी वा खोप दर्ता गर्न ऐनमा संशोधन आवश्यक भएको हो । साथै महामारी नियन्त्रणका लागि कसैले कुनै नयाँ औषधी वा खोपको क्लिनिकल ट्रायल गर्न चाहेमा हाल भएको व्यवस्था पर्याप्त नभएको र थप स्पष्ट बनाई महामारीको अवस्थासमेतलाई सम्बोधन गर्नुपर्ने देखिएकोले औषधी ऐन, २०३५ मा तत्काल संशोधन गर्नुपर्ने देखिएको हो ।अतः उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने परिस्थिति उत्पन्न भएको हो र तत्काल संघीय संसद अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४ उपधारा (१) बमोजिम "औषधी ऐन, २०३५ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७७" सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठलाई "यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७७" र "फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन सम्बन्धी संशोधन गर्ने अध्यादेश, २०७७" क्रमशः पेश गर्न अनुमति दिन्छु ।

**<u>माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठ</u>**ः- सम्माननीय अध्यक्ष महोदय, जबरजस्ती गर्नेजस्ता यौनजन्य कसुरबाट महिला, बालबालिका पीडित हुने कार्य बढेको तथा त्यस्तो कसुरलाई लुकाउने वा कानूनी कारबाहीको दायरामा ल्याउन रोक्नेसमेतको लागि मेलमिलाप गराउने गरेको विषय विभिन्न माध्यमहरूबाट सार्वजनिक रूपमा जानकारीमा आउने गरेको सन्दर्भमा जबरजस्ती करणी कसुरमा मेलमिलाप गराउने कार्यलाई तत्काल कसुरको रूपमा व्यवस्था गर्न जबरजस्ती करणीको कसुरलाई कैदको अतिरिक्त जरिबानाको सजाय हुने व्यवस्था गर्न यस्तो जरिबानाको रकमसमेत पीडितले पाउने व्यवस्था गरी मुलुकी अपराध संहिता २०७४, जबरजस्ती करणी सम्बन्धी कसुरमा पीडितलाई सजाय दिलउने सम्बन्धमा तत्सम्बन्धी प्रमाण सङ्कलन सन्दर्भमा अभियोग पत्र पेश गर्दाकै अवस्थामा पीडितको अदालतमा वकपत्र गराउने व्यवस्था गर्न र रिसीवी तथा अन्य कारणले झुट्टा उजुरी दिने । त्यसका लागि झुट्टा प्रमाण बनाउने, बनावटी उजुर दिने कार्यलाई निरुत्साहित गर्ने

सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ यस्तो कसुरमा सजाय पाएको अवस्थामा जेष्ठ नागरिकलाई कैद सजाय छुट दिन नसक्ने व्यवस्था गर्ने गरी जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ तत्काल संशोधन गर्नुपर्ने अवस्था उत्पन्न भएको हो । अतः उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने परिस्थिति उत्पन्न भएको र संघीय संसदको अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४ उपधारा (१) बमोजिम यौन हिंसाविरुद्धको केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०७७ सभा समक्ष पेश गर्दछु । धन्यावाद ।

सम्माननीय अध्यक्ष महोदय, तेजाव आक्रमणबाट पीडितलाई हुने शारीरिक पीडा तथा जलन यसबाट पीडितलाई आर्थिक तथा सामाजिक रूपले हुने पीडा, तेजावको कारणबाट शरीरमा भएको घाउको जटिल र लामो समयावधिसम्म उपचार गरिरहनुपर्ने जस्ता गम्भीर प्रभावको तुलनामा सजायको व्यवस्था पर्याप्त र प्रभावकारी नभएको भनि समाजमा विभिन्न क्षेत्रबाट हुने गरेको गुनासो तथा सुझावलाई तत्काल सम्बोधन गरी कसुरलाई हतोत्साहित गर्ने गरी कानून व्यवस्था गर्न जरुरी थियो । यस सम्वन्धमा मुलुकी अपराध संहिता, २०१४ को दफा १९३ भएको सजाय पर्याप्त नभएकोले तेजाव आक्रमणसम्बन्धी प्रष्ट कानून व्यवस्था गर्न तथा पीडितलाई आन्तरिक क्षतिपूर्ति तथा पुनर्स्थापनाको प्रवन्ध गर्ने व्यवस्था संघीय संसदको समितिबाट पेश गर्ने निर्देशन प्राप्त भएको थियो । सर्वोच्च अदालतबाट समेत विभिन्न मुद्दामा तेजाव आक्रमणसम्बन्धी कानून परिमार्जन गर्न नेपाल सरकारको नाममा आदेश जारी भएको थियो । यसरी संसदको समितिबाट अदालत तथा नागरिक समाजको निर्देशन आदेश तथा तेजाव आक्रमणका पीडितलाई हुने पीडा र प्रभावलाई समेत विचार गरी तेजाव आक्रमणको कसुर गर्नेलाई कसुरको गम्भीरताको आधारमा हदैसम्मको सजाय व्यवस्था र पीडितलाई उपचार तथा क्षतिपूर्तिसमेतको व्यवस्था तत्काल गर्नुपर्ने भएको थियो । प्रस्तुत परिस्थितिसम्बन्धी मुलुकी अपराध संहिता, २०७४ मुलुकी फौजदारी कार्यविधि, २०७४, लगायतका फौजदारी कसुर तथा फौजदारी कार्यविधिसँग सम्बन्धित केही ऐन तत्काल संशोधन गर्नुपर्ने अवस्था उत्पन्न भएको हो । उक्त कानूनी व्यवस्था तत्कालै गर्नुपर्ने परिस्थिति उत्पन्न भएको तत्काल संघीय संसदको अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४ उपधारा (१) बमोजिम फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी ऐन, २०७७ सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म २०७४ फागुन २१ गते गठित प्रतिनिधि सभा सदस्य द्वय सानु सिवा र सूर्यबहादुर के.सी. राष्ट्रिय सभाका पूर्वसदस्य त्रय मेजर दिपकबहादुर गुरुङ, इन्द्र हाङ्ग लिम्बू, प्रध्यापक डा. राममान श्रेष्ठ संविधान सभाका पूर्वसदस्य द्वय भिमप्रसाद गौतम र मानपुर चौधरी प्रतिनिधि सभाका सदस्य ओमकार प्रसाद गौचन र वीरबहादुर लामा एवम् २०६३/०६४ को अन्तरिम व्यवस्थापिका संसदका पूर्वसदस्य कमानसिंह लामाको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरू प्रस्तुत गर्दछु ।

**<u>शोक प्रस्ताव</u>**ः-

१. २०७४ फागुन २१ गते गठित संघीय संसद प्रतिनिधि सभा सदस्य सानु शिवाको ५८ वर्षको उमेरमा मिति २०७७ साल असोज २८ गते बुधवारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय शिवा नेपाल कम्युनिष्ट पार्टी, नेकपाका समानुपातिकतर्फबाट प्रतिनिधि सभा सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय सानु शिवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

२. २०७४ फागुन २१ गते गठित संघीय संसद प्रतिनिधि सभा सदस्य सूर्यबहादुर के.सी. को ६३ वर्षको उमेरमा २०७७ साल कार्तिक १७ गते सोमबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय के.सी. नेपाली काँग्रेसबाट प्रतिनिधि सभा समानुपातिक सदस्य एवम् प्रसिद्ध उधोगपति हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय सूर्यबहादुर के.सी. प्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

३. २०५८ सालको राष्ट्रिय सभा सदस्य मेजर दिपकबहादुर गुरुङको ८४ वर्षको उमेरमा मिति २०७७ साल साउन २ गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय गुरुङ नेपाली काँग्रेसका तर्फबाट राष्ट्रिय सभा सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय दिपकबहादुर गुरुङप्रति श्रद्धञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

४. २०४८ सालको राष्ट्रिय सभा सदस्य इन्द्र हाङ्ग लिम्वुको ८४ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २७ गते बिहिबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय लिम्बू नेपाली काँग्रेसका तर्फबाट राष्ट्रिय

सभा सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय इन्द्र हाङ्ग लिम्बूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

५. २०५४ सालको राष्ट्रिय सभा सदस्य एवम् २०६३/०६४ मा अन्तरिम व्यवस्थापिका संसद सदस्य राममान श्रेष्ठको ८० वर्षको उमेरमा मिति २०७७ साल असोज ३० गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाले यो बैठकमा गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय श्रेष्ठ तत्कालीन नेकपा एमालेका तर्फबाट राष्ट्रिय सभा सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय राममान श्रेष्ठप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

६. २०६४ सालको संविधान सदस्य भिमप्रसाद गौतमको ७१ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २७ गते बिहीबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय गौतम तत्कालीन नेकपाका माओवादीको तर्फबाट संविधान सभा सदस्य हुनुहुन्थ्यो यो बैठक स्वर्गीय भिमप्रसाद गौतमप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

७. २०७० सालको संविधान सभा सदस्य मानपुर चौधरीको ५९ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक ११ गते मङ्गलबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय चौधरी तत्कालीन नेकपा माओवादीको तर्फबाट संविधान सभा सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय मानपुर चौधरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

८. २०४८ सालको प्रतिनिधि सभा सदस्य ओमकारप्रसाद गौचन ८५ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २६ गते आइतबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय गौचना नेपाली काँग्रेसको तर्फबाट बागलुङ्ग जिल्ला क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य पूर्वराज्यमन्त्री हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय ओमकारप्रसाद गौचनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

९. २०५६ सालको प्रतिनिधि सभा सदस्य एवम् २०६३/०६४ मा अन्तरिम व्यवस्थापिका संसद सदस्य वीरबहादुर लामाको ७० वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २३ गते आइतबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय लामा तत्कालीन नेकपा एमालेको तर्फबाट

मकवानपुर जिल्ला क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय वीरबहादुर लामाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

१०. २०६३/०६४ को अन्तरिम व्यवस्थापिका संसद सदस्य कमानसिंह लामाको ६९ वर्षको उमेरमा मिति २०७७ साल मंसिर २० गते शनिबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । यो बैठक स्वर्गीय कमानसिंह लामाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरू सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब स्वर्गीय सानु शिवा, स्वर्गीय सूर्यबहादुर के.सी., स्वर्गीय दिपकबहादुर गुरुङ, स्वर्गीय इन्द्र हाङ्ग लिम्बू, स्वर्गीय राममान श्रेष्ठ, स्वर्गीय भिमबहादुर श्रेष्ठ, स्वर्गीय मानपुर चौधरी, स्वर्गीय ओमकार प्रसाद गौचन, स्वर्गीय वीरबहादुर लामा र स्वर्गीय कमानसिंह लामाप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्नको लागि उठेर एक मिनेट मौन धारण गर्दछु । (मिनेट मौन धारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ साल पुस २३ गते बिहीबार दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अब अर्को बैठक २०७७ साल पुस २३ गते बिहीबार दिउँसो १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**अन्त्यः- दिउँसो ५:४० बजे ।**